**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले समावेशी समाज निर्माणका लागि दिब्यङ्ग भएका व्यक्तिहरूको सशक्तिकरण महत्वपूर्ण रहेकोमा जोड दिनु भयो।

- उपराष्ट्रपति सी.पी. राधाकृष्णनले राजस्व सेवाका अधिकारीहरूलाई राष्ट्रको आर्थिक शक्तिको संरक्षकको रूपमा वर्णन गर्नु भएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज असमको सिलचर अनि पश्चिम बंगालको कोलकतामा विभिन्न विकास परियोजनाहरूको शिलान्यास तथा उद्घाटन गर्नु हुनेछ।

- भारतमा नेपालका राजदूत शंकरप्रसाद शर्माले हालै सम्पन्न निर्वाचनपछि नेपालको नयाँ सरकारले भारतसँगको सम्बन्धलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नु भयो।

- महिला हक्कीमा, भारतले तेलंगानाको हैदराबादस्थित जीएमसी बालयोगी हक्की स्टेडियममा इटालीलाई १-० ले पराजित गर्दै एफआईएच हक्की विश्वकप छनोटको फाइनलमा प्रवेश गरेको छ।

**राष्ट्रपति- पर्पल फेस्ट**

राष्ट्रपति द्रौपदी मुर्मुले समावेशी समाज निर्माणका लागि दिब्यङ्ग भएका व्यक्तिहरूको सशक्तिकरण महत्वपूर्ण रहेकोमा जोड दिनु भयो। उहाँले यो सरकारी प्रयासबाट मात्र सम्भव नभएको बताउनु हुँदै समाजका प्रत्येक व्यक्ति र संस्थाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनु भयो। राष्ट्रपतिले हिजो राष्ट्रपति भवनमा आयोजित पर्पल फेस्टलाई सम्बोधन गर्नु हुँदै यी टिप्पणीहरू गर्नु भयो।

बाईट

राष्ट्रपति द्रौपदी मुर्मुले दिव्यङ्ग भएका व्यक्तिहरूलाई फाइदा पुऱ्याउने विभिन्न सरकारी योजनाहरू, जस्तै प्रधानमन्त्री दिव्यांग केन्द्र र सुगम्य भारत अभियानको पनि उल्लेख गर्नु भयो। उहाँले भन्नु भयो, यी योजनाहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बन्ने अवसर प्रदान गरिरहेको छ।

**उपराष्ट्रपति- प्रशिक्षु अधिकारी**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले राजस्व सेवाका अधिकारीहरूलाई राष्ट्रको आर्थिक शक्तिको संरक्षकको रूपमा वर्णन गर्नु भएको छ। उहाँले कर राजस्वको कारणले मात्र देशभर विकास गतिविधिहरू सम्भव भएको बताउनु भएको छ। श्री राधाकृष्णनले नयाँ दिल्लीमा भारतीय राजस्व सेवा - आयकर प्रशिक्षार्थी अधिकारीहरूको ७९ औं ब्याचसँग भेटघाटको समय अवधि यो बयान दिनुभएको हो। उहाँले कर प्रणाली पारदर्शी, निष्पक्ष र करदातामैत्री हुनुपर्ने बताउनु भएको छ। उहाँले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन भारतीय राजस्व सेवाका अधिकारीहरूको विशेष सीपले महत्त्वपूर्ण भूमिका खेल्ने पनि बताउनु भएको छ।

**पीएम -असम**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आसामको सिलचरको भ्रमण गर्नु हुनेछ, जहाँ उहाँले २३ हजार ५ सय ५० करोडभन्दा अधिक मूल्यका धेरै परियोजनाहरूको शिलान्यास गर्नु हुनेछ। प्रधानमन्त्रीले सिलचरको अम्बिकापुरमा तीन परियोजनाहरूको शिलान्यास समारोह गर्नु हुनेछ। यसमा लगभग २२ हजार ८ सय ६४ करोडको लागतमा निर्माण हुने सिलचर हाई-स्पीड करिडोर, लगभग ५ सय ६५ करोडको लागतमा निर्माण हुने सिलचर टाउन फ्लाईओभर र १ सय २२ करोड रूपियाँको लागतमा निर्माण हुने पाथरकाण्डी कृषि कलेज समावेश छन्। हिज प्रधानमन्त्री नरेन्द्र मोदीले एनडीए सरकार किसानहरूको कल्याणमा समर्पित रहेको र उनीहरूको आय बढाउन र कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न निरन्तर कदम चालिरहेको बताउनु भयो।

गुवाहाटीमा एक सार्वजनिक सभामा, प्रधानमन्त्रीले देशभरका ९ करोड़ ३२ लाखभन्दा अधिक किसानहरूलाई पीएम-किसान योजनाको २२ औं किस्ता जारी गर्नु भयो। प्रधानमन्त्रीले भन्नु भयो,विगत ११ वर्षमा केन्द्र सरकारले किसानहरूको आय बढाउन धेरै कदम चालेको छ। उहाँले एनडीए सरकारको नेतृत्वमा असमले अन्य उत्तरपूर्वी राज्यहरूका लागि उदाहरण प्रस्तुत गरिरहेको बताउनु भयो।

बाईट

प्रधानमन्त्रीले लगभग १९ हजार ६ सय ८० करोड रुपियाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नु भयो। उहाँले ओयल इन्डिया लिमिटेडको नुमालीगढ-सिलगढ़ी पाइपलाइन क्षमता वृद्धि परियोजनाको पनि उद्घाटन गर्नु भयो।

**पीएम- कोलकता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा लगभग १८ हजार ६ सय ८० करोड रुपियाँ बराबरका धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ। प्रधानमन्त्रीले लगभग १६ हजार ९ सय ९० करोड रुपियाँ लागतका ४२० किलोमिटरभन्दा बढीका धेरै राष्ट्रिय राजमार्ग परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ। यी परियोजनाहरूमा पश्चिम बंगाल र झारखण्डमा राष्ट्रिय राजमार्ग १९ र पश्चिम बंगालमा राष्ट्रिय राजमार्ग ११४ का खण्डहरू समावेश छन्। यी परियोजनाहरूले सडक सुरक्षामा सुधार गर्ने, यात्रा समय घटाउने, भीडभाड र प्रदूषण कम गर्ने, क्षेत्रीय सम्पर्क सुधार गर्ने, पर्यटन बढाउने र यस क्षेत्रमा आर्थिक विकासलाई तीव्र बनाउने अपेक्षा गरिएको छ। प्रधानमन्त्रीले धेरै नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको पनि शिलान्यास गर्नुहुनेछ। यसमा २३१ किलोमिटर लामो, चार लेनको खडगपुर-मोरग्राम आर्थिक करिडोरका पाँच खण्डहरू समावेश छन्। यो परियोजना खडगपुर र सिलगढ़ी बीचको आर्थिक करिडोरको एक हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी वर्धमान, वीरभूम र मुर्शिदाबाद जिल्लाहरू पार गर्नेछ। खड़गपुर र मोरग्राम बीचको सिधा सम्पर्कले यात्रा दूरी लगभग १२० किलोमिटर घटाउनेछ र लगभग ७ देखि ८ घण्टा बचत गर्नेछ। श्री मोदीले लगभग साढे पाँच किलोमिटर लामो, चार लेनको दुबराजपुर बाइपासको निर्माणको लागि शिलान्यास पनि गर्नुहुनेछ। यसले दुबराजपुर शहरमा ट्राफिक जाम कम गर्नेछ र यात्रा समय लगभग एक घण्टा घटाउनेछ। प्रधानमन्त्रीले धेरै बन्दरगाह र परिवहन सम्बन्धी परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले हल्दिया डक कम्प्लेक्समा यान्त्रीकरण परियोजनाको उद्घाटन गर्नुहुनेछ।  खिद्दरपुर डक नवीकरण परियोजनाको पनि उद्घाटन गरिनेछ।

प्रधानमन्त्रीले पुरुलिया-आनन्द विहार टर्मिनल एक्सप्रेसलाई झण्डा देखाउनु हुनेछ, जसले पश्चिम बंगाल, उत्तर प्रदेश, बिहार, झारखण्ड र राष्ट्रिय राजधानी क्षेत्र बीच रेल सम्पर्कलाई बलियो बनाउनेछ। प्रधानमन्त्रीले अमृत स्टेशन योजना अन्तर्गत पुनर्विकास गरिएका छ वटा रेलवे स्टेशनहरूको पनि उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले बेल्दा र दन्तन बीचको १६ किलोमिटर तेस्रो रेलवे लाइन र कलाईकुण्ड र कानिमोहुली बीचको स्वचालित ब्लक सिग्नलिङ प्रणालीको पनि उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले कोलकातामा भाजपाको र्‍यालीलाई पनि सम्बोधन गर्नुहुनेछ।

**उपराष्ट्रपति- हिमाचल प्रदेश**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज हिमाचल प्रदेशको भ्रमण गर्नु हुनेछ। उहाँ कांगडा जिल्लाको धर्मशालामा रहेको हिमाचल प्रदेश केन्द्रीय विश्वविद्यालयको नवौं दीक्षान्त समारोहमा भाग लिनु हुनेछ। समारोहको क्रममा, श्री राधाकृष्णनले धर्मशालास्थित युद्ध स्मारकमा श्रद्धाञ्जली अर्पण गर्नु हुनेछ।

**बंगाल- एसआईआर**

सर्वोच्च अदालतको निर्देशन अनुसार, पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) अन्तर्गत पहिलो पूरक मतदाता सूची अर्को हप्ता प्रकाशित हुन सक्ने सम्भवना रहेको छ। निर्वाचन आयोग स्रोतका अनुसार, प्रारम्भिक सूचीमा ६ लाख भन्दा अधिक नामहरूको समीक्षा गरिएको थियो। यद्यपि, लगभग १५ लाख नामहरू समाधान भइसकेका छन्। पूरक सूचीमा छुटेकाहरूको मुद्दा सर्वोच्च अदालतको आदेश अनुसार गठन गरिएका न्यायाधिकरणहरूद्वारा सुनुवाइ गरिनेछ। यी न्यायाधिकरणहरू गठन गर्ने प्रक्रिया सुरु भइसकेको छ र तिनीहरूले अर्को हप्ताको अन्त्यसम्ममा काम सुरु गर्ने अपेक्षा गरिएको छ। यसैबीच, लगभग ३५ लाख मतदाताहरूको कागजातहरूको प्रमाणीकरण द्रुत गतिमा भइरहेको छ। अधिकारीहरू अनुसार, यी मुद्दाहरू पनि चाँडै समाधान हुनेछन्।

**संसद-सीईसी**

तृणमूल कांग्रेस सहित धेरै विपक्षी सांसदहरूले संसदका दुवै सदनमा प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई उहाँको पदबाट हटाउन प्रस्ताव ल्याउन माग गर्दै नोटिस पेश गरेका छन्। स्रोत अनुसार, लोकसभा र राज्यसभा सचिवालयले यी नोटिसको मस्यौदाको जाँच गर्नेछन्। यस विषयमा प्रतिक्रिया दिनुहुँदै, केन्द्रीय मन्त्री एस.पी. सिंह बघेलले भन्नु भयो, तृणमूल कांग्रेसले पेश गरेको नोटिसले उनीहरूलाई संवैधानिक संस्थाहरू र लोकतन्त्रमा विश्वासको कमी रहेको देखाउँछ। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै, उहाँले विपक्षीहरूले संवैधानिक संस्थाहरूको छवि बिगारेको आरोप लगाउनु भयो। यसैबीच तृणमूल कांग्रेसका सांसद सौगत रोयले आफ्नो पार्टीले पेश गरेको नोटिस कानून अनुसार छ। उहाँले आरोप लगाउनु भयो, पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण प्रक्रियाको क्रममा धेरै मतदाताहरूको नाम मतदाता सूचीबाट हटाइएको थियो, जुन अनुचित छ।

**युवा संगम**

युवा संगमको छैटौं चरणको लागि पञ्जीकरण शुरू भएको छ। शिक्षा मन्त्रालयले एक भारत, श्रेष्ठ भारत पहल अन्तर्गत यस कार्यक्रममा भाग लिन देशभरका युवाहरूलाई आमन्त्रित गरेको छ। पञ्जीकरणको अन्तिम मिति मार्च १८ हो। इच्छुक युवाहरूले वेबसाइट ebsb.aicte-india.org मार्फत दर्ता गर्न सक्नेछन्। यो कार्यक्रमले युवाहरूलाई विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूको यात्रा मार्फत भारतको समृद्ध सांस्कृतिक सम्पदा, परम्परा र नवप्रवर्तन पारिस्थितिक प्रणालीको अनुभव लिने र अनुभव गर्ने अवसर प्रदान गर्दछ।

**कुशल दास-निधन**

अखिल भारतीय फुटबल महासंघ (AIFF) का पूर्व महासचिव कुशल दासको हिज ६६ वर्षको उमेरमा निधन भएको छ। २०१० देखि २०२२ सम्म महासंघमा सेवा गरेका कुशल दासको निधनमा ए.आई.एफ.एफ. ले शोक व्यक्त गरेको छ।

**भारत-नेपाल सम्बन्ध**

भारतमा नेपालका राजदूत शंकरप्रसाद शर्माले हालै सम्पन्न निर्वाचनपछि नेपालको नयाँ सरकारले भारतसँगको सम्बन्धलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नु भयो। श्री शर्माले नेपालमा प्रतिनिधि सभाको निर्वाचन शान्तिपूर्ण र समयमै सम्पन्न भएको बताउनु भयो, जसले देशको स्थिर लोकतान्त्रिक प्रक्रियालाई प्रतिबिम्बित गर्दछ। भारत-नेपाल द्विपक्षीय सम्बन्धको बारेमा, उहाँले भन्नु भयो, दुई देशहरू बीच पहिले नै धेरै बलियो सम्बन्ध छ र नयाँ सरकारले यसलाई नयाँ उचाइमा पुऱ्याउन प्रयास गर्नेछ। नेपाली राजदूतले चुनावी नतिजापछि राष्ट्रिय स्वतन्त्र पार्टी (आरएसपी) लाई बधाई दिएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशंसा गर्नु भयो।

**महिला हक्की**

महिला हक्कीमा, भारतले तेलंगानाको हैदराबादस्थित जीएमसी बालयोगी हक्की स्टेडियममा इटालीलाई १-० ले पराजित गर्दै एफआईएच हक्की विश्वकप छनोटको फाइनलमा प्रवेश गरेको छ। भारतकी मनिषा चौहानले ४० औं मिनेटमा विजयी गोल गरिन्। सलिमा टेटेको नेतृत्वमा रहेको भारतीय टोलीले अब आज साँझ ७ बजेर ३० मिनटमा फाइनलमा इङ्गल्याण्डको सामना गर्नेछ।